मिति २०८३।०६।०२ गतेका दिन बिहान ठीक ८:०० बजे बसेको निस्दी गाउँपालिकाको ११८औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु

१. समिक्षा तथा रिपोर्टिङ्ग सम्बन्धमा ।
२. महिला व्यवसायिक कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८३ पारित सम्बन्धमा ।
३. १५ शैया/आधारभुत अस्पताल भवन हस्तान्तरण तथा उद्घाटन सम्बन्धमा ।
४. विविध।

**मिति २०८३।०६।०२ गते बसेको निस्दी गाउँपालिकाको ११८ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु**

१. गत गाउँ कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे समिक्षा गर्नुका साथै सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत ,उपाध्यक्ष साथै अध्यक्षबाट वडा कार्यालय तथा गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गरियो ।

२. यस आ.व.२०८३।०८४ मा संघीय विशेष अनुदानमा विनियोजित महिला व्यावसायिक कृषि तथा पशु विकास कार्यक्रम कार्यान्वन तथा सञ्चालनको लागि महिला व्यावसायिक कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,२०८३ पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

३.१६ करोड ९३ लाखको लागतमा रबिना/प्राकृतिक जे.भी.द्धारा निर्माण सम्पन्न भएको १५ शैया अस्पताल/निस्दी आधारभुत अस्पताल भवनको औपचारिक हस्तान्तरण तथा उद्घाटन समारोह देहाय बमोजिमको उपस्थितीमा मिति २०८३।०६।०५ गते सोमबार सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो ।

**अध्यक्षता - गा.पा.अध्यक्ष श्री मुक्त बहादुर सारु**
**प्रमुख अतिथी- स्वास्थ्य मन्त्री, लुम्बिनी प्रदेश सरकार,मा.श्री दिपेन्द्र कुमार पुन**
**विशिष्ट अतिथी- अर्थ,उद्योग तथा पर्यटन समिति,लुम्बिनी प्रदेश सभाका सभापति मा.राजु प्रसाद श्रेष्ठ**
**विशिष्ट अतिथी- जिल्ला समन्वय समिति,पाल्पाका प्रमुख श्री टङ्कनाथ खनाल**
**विशिष्ट अतिथी - प्रदेश सचिव स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेश सरकार श्री दुर्गा लक्ष्मी श्रेष्ठ**
**विशिष्ट अतिथी - निर्देशक,स्वास्थ्य निर्देशनालय,स्वास्थ्य मन्त्रालय,लुम्बिनी प्रदेश श्री रोशन लाल चौधरी**
**निस्दी गाउँपालिकाका राजनीतिक दलका प्रतिनीधिहरु, जनप्रतिनीधि,कर्मचारी,सामुदायिक महिला स्वास्थ्य स्वयम सेविका लगायत स्थानीयहरुको उपस्थितीमा**

४.देहायका विविध विषयहरुमा छलफल गरी देहाय बमोजिम सर्वसम्मत निर्णय गरियो ।
क. मिति २०८३।०५।२५ को गाउँ शिक्षा समितिको बैठकमा भएका विभिन्न विषय सँग सम्बन्धित निर्णयहरु यस गाउँ कार्यपालिकाको बैठकले अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख.मिति २०८३।०६।०३ मा संविधान दिवस तथा राष्ट्रिय दिवस,२०८३ गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा दीप प्रज्वलन गरी मनाउने सर्वसम्मत निर्णय गरियो ।

ग.यस निस्दी गाउँपालिकाको पशु सेवा शाखा मार्फत कार्यान्वयन हुने आ.व.२०८३।०८४ को वार्षिक कार्यक्रम अन्तर्गत पशुपंक्षीजन्य औषधी खरिद तथा बाख्रा पालन कार्यक्रमको लागि पशु सेवा शाखा मार्फत निर्धारण भई पेश भएको निस्दी गाउँपालिकाको पशुपंक्षीको औषधी जन्यको मूल्य तथा दर स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।